# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, श्रावण २७ गते, २०८३ साल (अतिरिक्ताङ्क २३

## भाग २

### कोशी प्रदेश सरकार

## पर्यटन, वन तथा वातावरण मन्त्रालय

### विराटनगर, नेपालको सूचना

### कोशी प्रदेश वन (पहिलो संशोधन) नियमावली, २०८३

प्रस्तावना: कोशी प्रदेश वन नियमावली, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

कोशी प्रदेश वन ऐन, २०७७ को दफा ९३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम **"कोशी प्रदेश वन (पहिलो संशोधन) नियमावली, २०८३"** रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>कोशी प्रदेश वन नियमावली, २०८० को नियम ६ मा संशोधनः</u> कोशी प्रदेश वन नियमावली, २०८० (यस पछि "मूल नियमावल" भनिएको) को नियम ६ को उपनियम (२) मा रहेको "मन्त्रालयलाई जानकारी दिई आफ्नो रायसाथ त्यस्तो प्रतिवेदन विभागमा पेस गर्नु पर्नेछ" भन्ने वाक्याशंको सट्टा "आफ्नो रायसाथ त्यस्तो प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ" भन्ने वाक्याशंहरू राखिएको छ।"

३. <u>मूल नियमावलीको नियम २४ मा संशोधनः</u> मूल नियमावलीको नियम २४ को उपनियम (२) मा रहेको "समितिले" भन्ने शब्द पछाडि रहेको "बिना मूल्य" भन्ने शब्दहरूको सट्टा "निशुल्क" भन्ने शब्द राखिएको छ।

४. <u>मूल नियमावलीको नियम १२२ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम १२२ को,-

(१) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छः-

"(६) उपनियम (१) बमोजिम सङ्कलित विवरणको आधारमा डिभिजन वन कार्यालयको सिफारिसमा स्थानीय तहले मन्त्रालयबाट वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएर नेपाल सरकारले तोकेको मापदण्ड र समायवधिको अधीनमा रही वनक्षेत्रबाट नदीजन्य पदार्थको सङ्कलन र बिक्री वितरणका लागि प्रचलित कानून बमोजिम ठेक्का लगाउनु पर्नेछ।"

(२) उपनियम (६) पछि देहायको उपनियम (६क.) थप गरीएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"(६क) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय तथा प्रादेशिक गौरवको आयोजना वा लगानी बोर्ड वा प्रदेशको लगानी प्राधिकरणबाट लगानी स्वीकृत भएका गौरवका आयोजनाका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी वा बालुवा माग भएमा सम्बन्धित स्थानीय तहले ठेक्का बन्दोबस्त नभएको अवस्थामा समेत प्रतिस्पर्धी मूल्य कायम गरी आवश्यक ढुङ्गा, गिट्टी वा बालुवा त्यस्ता आयोजनालाई उपलब्ध गराएर मात्र अन्यत्र बिक्री गर्नु पर्नेछ।"

(३) उपनियम (७) मा रहेको "डिभिजन वन कार्यालयले" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपनियम (१०) को सट्टा देहायको उपनियम (१०) राखिएको छः-

"(१०) नदीजन्य पदार्थ बिक्री वितरणका लागि लिइने शुल्क तथा दर प्रचलित संघीय वन नियमावली अनुसार हुनेछ। यसरी नदीजन्य पदार्थको सङ्कलन र बिक्री वितरणबाट प्राप्त हुन आएको राजस्व स्थानीय विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।"

(५) उपनियम (१०) पछि देहायको उपनियम (११), (१२) र (१३) थप गरिएको छः-

"(११) स्थानीय तहले उपनियम (१०) बमोजिम सङ्कलन भएको राजस्व बाँडफाँट गरी स्थानीय सञ्चित कोषमा साठी प्रतिशत रकम र प्रदेश सञ्चित कोषमा चालिस प्रतिशत रकम जम्मा गर्नु पर्नेछ। यसरी प्रदेश सञ्चित कोषमा जम्मा हुने रकम सम्बन्धित डिभिजन वन कार्यालय मार्फत दाखिला गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(१२) दुई वा सो भन्दा बढी स्थानीय तहमा फैलिएको वा सीमाक्षेत्रमा रहेको नदीजन्य पदार्थ सङ्कलन तथा बिक्री वितरण गर्न सम्बन्धित स्थानीय तहहरू बिचको आपसी समझदारीपत्र वा सम्झौता अनुसार कुनै एक स्थानीय तहले शुल्क सङ्कलन तथा  बिक्री वितरण गर्नेछ। यसरी संङ्कलन भएको राजस्व मध्ये साठी प्रतिशतले हुने रकम सम्झौता अनुसार सम्बन्धित स्थानीय तहहरू बिच बाँडफाँट हुनेछ र चालिस प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

तर उपदफा (१२) बमोजिम स्थानीय तहहरू बिच समझदारीपत्र वा सम्झौता हुन नसकी नदीजन्य पदार्थको सङ्कलन तथा बिक्री वितरण सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा सबैभन्दा बढी सिमाक्षेत्र ओगटेको स्थानीय तहले त्यस्तो नदीजन्य पदार्थ सकंलन तथा बिक्री वितरण गर्न सक्नेछ।

(१३) नदीजन्य पदार्थको बिक्री तथा सङ्कलन लागि वातावरणीय अध्ययन प्रतिवेदन तयारी तथा स्वीकृत कार्यको लागि आवश्यक पर्ने खर्चको व्यवस्थापन स्थानीय तह आफैंले गर्नु पर्नेछ।"

स्वीकृत मितिः- २०८३/०४/२७

आज्ञाले,
डा. इन्द्रप्रसाद सापकोटा
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**